

नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, भदौ ८ गते २०३२ साल [अतिरिक्ताङ्क २६

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

माननीय अर्थ राज्यमन्त्री श्री भेषबहादुर थापा विश्व बैङ्कको बैठकमा भाग लिन वाशिङ्गटनतर्फ जानुभएकोले उहाँ फर्की नआउन्जेलसम्मको लागि उहाँले सम्हालो आउनुभएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय उद्योग तथा वाणिज्य मन्त्री श्री चतुर्भुजप्रसाद सिंहले सम्हाल्नु हुनेछ।

हुकुमबक्सेबमोजिम
रन्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट गठन गरिबक्सेको ३ सदस्यीय आयोगले जाहेर गरेको सम्बन्ध बिच्छेदसम्बन्धी मुद्दाको प्रतिवेदन जाहेर हुंदा, आयोगले ठहराएको राय सदर गरिबक्सी मौसूफ सरकारबाट राजगद्दी उत्तराधिकारसम्बन्धी ऐन, २०१५ को दफा १३ अनुसार श्री ५ शाहज्यादी केतकी राज्यलक्ष्मी राणालाई श्री ५ शाहज्यादीको उपाधी राजपरिवारको सदस्यताबाट निस्काशित गरिबक्सेको छ।

हुकुमबक्सेबमोजिम
रन्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।